आज मिति २०८३ साल जेष्ठ महिनाको ११ गते दिनको ठिक ८.०० बजे यस म्याग्दे गाउँपालिका तनहुँको गाउँ कार्यपालिकाको १८८ औ नियमित वैठक ( दोश्रो पदाधिकारीको एक्सठ्ठीऔ वैठक ) गाउँपालिकाका अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ ज्यु को अध्यक्षतामा वसी निम्न उपस्थितिमा तपशिल बमोजिमको निर्णय गरियो ।

**तपशिल**

१ अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ

२ उपाध्यक्ष श्री वालकृष्ण घिमिरे

३ वडा न. १ वडा अध्यक्ष श्री मणि भद्र वाग्ले

४ वडा न. २ का वडा अध्यक्ष श्री शिव वहादुर क्षेत्रि

५ वडा न. ३ का वडा अध्यक्ष श्री टुक राज अधिकारी

६ वडा न. ४ का वडा अध्यक्ष श्री दिपक कुमार श्रेष्ठ

७ वडा न. ५ का वडा अध्यक्ष श्री शिव वहादुर आले

८ वडा न. ६ का वडा अध्यक्ष श्री हिरा लाल गुरुङ्ग

९ वडा न. ७ का वडा अध्यक्ष श्री वसन्त कुमार श्रेष्ठ

१० महिला सदस्य श्री वद्रिका भट्टराई घिमिरे

११ महिला सदस्य श्री चिनिमाया थापा

१२ महिला सदस्य श्री जानकी थापा

१३ महिला सदस्य श्री सिता कुमाल

१४ अल्पसख्यक वा दलित सदस्य श्री होम वहादुर नेपाली

१५ दलीत सदस्य श्री थम माया कामी .

१६ सदस्य सचिव श्री नारायण प्रसाद अधिकारी

Scanned with CamScanner

**म्याग्दे गाउँकार्यपालिकाको १८८औ वैठक मिति २०८३।०२।११ मा पेशभएका २९ वटा ऐजेण्डाहरु**

०१, सडकले चर्चेको जग्गाको लगत कट्टा सम्वन्धमा ।
०२, नदीजन्य घाट अनुगमन सम्वन्धमा ।
०३, भुमीप्रशासनको कार्यसम्पादन तथा सहमती माग सम्वन्धमा ।
०४, निजी जग्गाको व्यवस्थापन अर्न्तगत प्राप्त भएको निवेदन उपर आई ई ई प्रर्तिवेदन स्वीकृत तथा अनुमती प्रदानगर्ने सम्वन्धमा ।
०५, राजश्व परामर्श समितिको वैठक निर्णय तथा सिफारिस कार्यन्वयन सम्वन्धमा ।
०६, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन कार्यान्वयन सम्वन्धमा ।
०७, नेपाल सरकारका परिपत्र निर्देशनहरु कार्यन्वयन सम्वन्धमा ।
०८, भुमी आयोगको कार्यप्रगती सम्वन्धमा ।
०९, अत्यावश्यक योजना कार्यन्वयन तथा रकम भुक्तानी सम्वन्धमा ।
१०, योजना कार्यन्वयनमा नदीजन्य पदार्थ उपलब्ध गराउने सम्वन्धमा ।
११, सेतीदोभान व्लक र हरिशान्ती सग माग भएको विवरण सगै थप कारवाही सम्वन्धमा ।
१२, मुख्यमन्त्री कार्यालय सग भएको सम्झौता अनुसार पसले विद्यालयको वाकी कामको ठेक्का तथा परामर्श सेवावाट कामगर्ने गरी लागत अनुमान स्वीकृत गर्ने सम्वन्धमा ।
१३, नक्शापास तथा घरकायम सम्वन्धी परिपत्र र कार्यन्वयन सम्वन्धमा ।
१४,तेश्रो चौमासिक सार्वजनीक सुनुवाई सम्वन्धमा
१५, स्थानीय विदा सम्वन्धमा ।
१६, सभामा पेशहुने विद्येयक उपर शैद्धान्तिक सहमती सम्वन्धमा ।
१७, स्वास्थ्य शाखा वाट पेश भए अनुसार समिति गठन सम्वन्धमा ।
१८, सामाजिक परिक्षण प्रर्तिवेदन उपर छलफल सम्वन्धमा ।
१९, फिल्ड अनुगमन प्रर्तिवेदन सम्वन्धमा ।
२०, विषयगत शाखाको कार्यक्रम सम्वन्धमा ।
२१, म्याग्दे चारधाम तथा नवग्रह मन्दीर व्यवस्थापन समिति अनुमोदन सम्वन्धमा ।
२२, लिलाम विकी हुने मालसामानको मुल्याङ्कन समिति गठन सम्वन्धमा ।
२३, स्वास्थ्य शाखावाट पेश भएको वहुक्षेत्रिय पोशण कार्यक्रम सम्वन्धमा ।
२४, कृषि शाखा वाट पेश भएको प्रस्ताव सम्वन्धमा ।
२५, कार्यविधि तथा मापदण्ड स्वीकृत सम्वन्धमा ।
२६, तोक आदेश तथा टिप्पणी स्वीकृत सम्वन्धमा ।
२७, योजना फरफारक सम्वन्धमा ।
२८, अघिल्लो निर्णय कार्यान्वयन समिक्षा सम्वन्धमा ।
२९, विविध विषय सम्वन्धमा ।

Scanned with CamScanner

## २०८३।०२।११ को गाउँ कार्यपालिका वैठकका निर्णयहरु
निर्णय न. १८८/२०८२।०८३– ०१,

सडकले चर्चेको जग्गाको लगत कट्टा सम्वन्धमा गण्डकी प्रदेशको वार्षिक कार्यकम अनुसार कित्ता नापी नक्शामा सार्वजनिक वाटो अध्यावधिक कार्यकमका लागी यस गाउँपालिकाले आव्हान गरेको १७७ कि.मि. मध्ये गण्डकी प्रदेशवाट गर्ने ३४ र स्थानीयको सहकार्यमा गर्ने ९ कि. मि. वाटोको लागी प्राप्त परिपत्र समेतका आधारमा तपशिल वमोजिमका सडकहरु छनौट छनौटगर्ने निर्णय गरियो ।

### तपशिल

गण्डकी प्रदेश पोखरा को बार्षिक कार्यक्रम अनुसार कित्ता नापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक कार्यक्रमका लागी यस म्याग्दे गाउँपालिका ले आहान गरेको १७७ कि.मि मध्ये गण्डकी प्रदेश बाट गर्ने ३४ र स्थानियको सहकार्यमा गर्ने ९ कि.मि बाटो को लागी प्रस्तावित बाटोहरू तपशिल रहेको छ।

तपशिलः-

| क्र.स | सडकको नाम | लम्बाई( कि.मि | बाटोको चौडाई | बाटोको बिच बाट | बाटोको प्रकृति कच्चि/पक्की | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जनज्योति मोटर मार्ग | ९ कि.मि | ८ मि | दायाँ ४ बायाँ ४ मिटर | पक्की | |
| २ | प्रगति मोटरमार्ग | ४ कि.मि | ८ मि | " | कच्चि /पक्की | |
| ३ | वडहरे माछापुच्छे विक्र फ्यक्ट्री | ३ कि.मि | ८ मि | " | पक्कि | |
| ४ | उत्तरी रिङरोड | ३ कि.मि | ८ मि | " | कच्चि | |
| ५ | भिमाद पुलको मुखदेखि छाङपाटन मोटरमार्ग | २ कि.मि | ८ मि | " | पक्कि | |
| ६ | थर्पु पिपलथोक मोटरमार्ग | ४ कि.मि | ६ मि | दायाँ ३ बायाँ ३ मिटर | पक्कि | |
| ७ | सार्की ढाप पिपलडिहि मोटर मार्ग | २ कि.मि | ६ मि | दायाँ ३ बायाँ ३ मिटर | पक्कि | |
| ८ | शिव पञ्चायन मोटरमार्ग | २ कि.मि | ८ मि | दायाँ ४ बायाँ ४ मिटर | पक्कि /कच्चि | |
| ९ | थर्पु बेलसोती मोटर मार्ग | २ कि.मि | ८ मि | " | पक्कि | |

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | घारदी टाकराङ्ग वर्याङ्ग मार्ग | ३ कि.मि | ८ मि | " | पक्कि | |

बाटो छनोट गर्दा तपशिललाई ध्यानमा राखेर गर्नुपर्नेछ

- कित्ता नापी नक्सामा सरकारी बाटो कायम भएको बाटोमा लागु गर्न नसकिने
- प्रस्थान विन्दु स्पस्ट पहिचान भएको हुनुपर्ने
- बाटोको चौडाई न्युनतम ६ मिटरको हुनुपर्ने
- पक्की बाटो हुनुपर्ने
- सार्वजनिक रूपमा प्रयोग भएको बाटो हुनुपर्ने

निर्णय न. १८८/२०८२।०८३– ०२,

चालु आर्थिक वर्ष ०८२।०८३ मा ठेक्का लगाएका तथा अमानत वाट उत्खनन् तथा संकलन अनुमती प्रदान गरिएका तपशिल बमोजिमका नदीजन्य घाटहरुको राजश्व परामर्श सहिति प्राविधिक टिम वाट अनुगमन सम्पन्न सहित प्राविधिक वाट पाप्त भएको प्रर्तिवेदन समेतको आधारमा तपशिल बमोजिम कार्यन्वयन गर्ने निर्णय गरियो ।

तपशिल

१, वडा न. ४ को कुडुलेघाटको प्राविधिक प्रर्तिवेदन अनुसार हरिशान्ती कन्सट्रक्शन वाट दुई पक्षीय सम्फौतामा उल्लेखीत शर्त उल्लघंन गरी उल्लेखीत परिमाण भन्दा ताहाँ कम्पनी वाट ३३२७ घनमिटर वढी उत्खनन् गरीएको पाईएको हुदा वढी उत्खनन् गरेवापत जरीवना सहित जम्मा रु १०,३६,०६१।०७ रुपैया राजश्व रकम यस कार्यालयको लक्ष्मीसनराईज वैंक थर्पुमा रहेको आन्तरिक राजश्व खाता ग -१-१-०७८०३०००१३० मा जम्मा भएको हुदा सो लाई अनुमोदन गर्ने ।

निर्णय न. १८८/२०८२।०८३– ०३,

नेपाल सरकारको नीति तथा परिपत्र समेत लाई मध्येनजर गरी आगामी आर्थिक वर्ष ०८३।०८४ वाट गाउँपालिका वाट नै भुमीप्रशासन ( मालपोत) को कार्य सम्पादन गर्नेगरी सहमती मागगरी सम्वन्धी निकायमा लेखी पठाउने साथै सोको लागी आवश्यक पर्ने जनशक्ती तथा सस्थागत क्षमता विकाश गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय न. १८८/२०८२।०८३– ०४,

निजी जग्गा व्यवस्थापन अर्न्तगत पेशभई आएका तपशिल बमोजिमका जग्गाधनीको निवेदन अनुसार जग्गाको उत्खनन् व्यवस्थापन अर्न्तगत प्रारम्भीक चरणमा आजै पेश भएको आइ. इ. इ. प्रर्तिवेदन स्वीकृत सगै तपशिल बमोजिम राजश्व लिई अनुमती प्रदान गर्ने निर्णय गरियो

तपशिल

१, म्याग्दे गाउँपालिका वडा नं. ५ स्थित बाबुराम सुनारको नाममा रहेको कि.नं. २८३,२८४, ४१९, ४२०, ४२१(क्षेत्रफल १-२-३-२, ३-११-१-३, १-१०-०-०,०-८-०-०, ४-४-३-१)

२, म्याग्दे गाउँपालिका वडा नं. ५ स्थित प्रेम बहादुर गुरुङ र प्रशान्त गुरुङको नाममा रहेको कि.नं. ३६, क्षेत्रफल १-२-३-२) साथै मिलन गुरुङ्को नाममा रहेको कि.न. ३५, क्षेत्रफल १-७-३-२)

निर्णय न. १८८/२०८२।०८३– ०५,

राजश्व परामर्श समितिको आर्जै मिति २०८३।०२।११ को वैठकले गरेका सवै निर्णय तथा सिफारिसहरु कार्यन्वयन गर्ने निर्णय गरियो ।

निर्णय न. १८८/२०८२।०८३– ०६,

सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८३।०१।२४ देखी २०८३।०२।१० सम्म जारी भएका विभिन्न परिपत्र तथा सुझाव कार्यन्वयन निर्देशन र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विभिन्न परिपत्र तथा सुझाव कार्यान्वयन निर्देशन अनुसारको व्यहोरा अवगत भयो । दुवै निकायको पत्र अनुसार गाउँपालिका र विषयगत शाखा, समिति र वडा कार्यालय वाट सोही निर्देशन अनुसार काम कारवाही सम्पादन गर्नको लागी निर्देशन तथा जानकारी गराउने निर्णय गरियो ।

निर्णय न. १८८/२०८२।०८३– ०७

नेपालसरकारवाट मिति २०८३।०१।२४ देखी ०८३।०२।१० सम्म जारीभएका तपशिल बमोजिमका परिपत्र तथा निर्देशनहरु सस्थागत क्षमता अधिकार र प्रचलीत कानुन अनुसार कार्यन्वयनमा जोड दिने निर्णय गरियो ।

तपशिल

१, नेपाल सरकार प्रधान्मन्त्री तथा मन्त्रिपरिषद को कार्यालय र गृह मन्त्रालयका परिपत्र ।

२, संधिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका परिपत्र ।

३,अन्य सरोकार मन्त्रालय विभागका परिपत्रहरु सवै

**निर्णय न. १८८/२०८२।०८३– ०८,**

भुमीहिन दलित, भुमीहिन सकुम्वासी र अव्यवस्थीत वसोवासी सग सम्वन्धी भुमी आयोगको कार्यप्रगती सम्वन्धमा अमिनवाट पेशभएको प्रगती प्रर्तिवेदन उपर जानकारी सगै नेपाल सरकारको नीति तथा आयोगको निर्देशन अनुसार वाकी कार्यहरु यथाशिघ्र सम्पादन गर्ने निर्णय गरियो ।

**निर्णय न. १८८/२०८२।०८३– ०९,**

अत्यावश्यक योजना कार्यन्वयन सम्वन्धमा तथा स्वीकृत वजेट कार्यन्वयन अर्न्तगत रकम नपुग भएका तपशिल वमोजिमका योजनामा तपशिल बमोजिम कार्यन्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | योजना तथा कार्यक्रमको नाम | स्वीकृत शिर्शक न. | खर्च रकम रु | कैफिएत |
|---|---|---|---|---|
| ०१ | मिन मा.वि. फर्निचर निर्माण | सि.न. १०२ वडा फर्निचर | २९०००।० | |
| ०२ | प्रभा आ.वि. मर्मत | सि.न.६६ विपद व्यवस्थापन कोष | ११५०००।० | |
| ०३ | अन्य पुर्वाधार जन्य योजनाहरु | अन्य पुर्वाधार शिर्शक वाट | अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतको तोक आदेश अनुसार | |

**निर्णय न. १८८/२०८२।०८३– १०,**

Scanned with CamScanner

म्याग्दे गाउँपालिका भित्र आई ई ई भएका तर ठेक्का नलागेका स्थानमा रहेका नदी तथा खोला खोल्सा मा रहेको नदीजन्य पदार्थहरु प्रदेश आर्थिक ऐन अनुसार तोकीएको दर अनुसार राजश्व लिई उपभोक्ता समिति लाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय न. १८८/२०८२।०८३– ११,

मिति २०८३।०२।११ को राजश्व परामर्श समितिको वैठक को निर्णय तथा सिफारिस समेत तथा प्रचलीत कानुनहरु स्थानीय सरकार सञ्चालन ऐन २०७४ , ढुङ्गा गिट्टी वालुवा विकी तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७, ( पहिलो शंशोधन २०७९ समेत ) आर्थिक कार्यविधि तथा वितिय उत्तरदायीत्व ऐन २०७६ , नियमावली २०७७ सरकारी सम्पती तथा जिन्सी मालसामान लिलाम विकी सम्वन्धी कार्यविधि २०७९ लगाएत अन्य प्रचलीत कानुनमा भएको व्यवस्था बमोजिम स्थानीय तहको अधिकार तथा जिम्मेवारी सगै हालै जिल्ला प्रशासन कार्यालय तनहुँ को च.न. ३५०८ मिति २०८२।१२।०९ को जिल्ला राजश्व चुहावट नियन्त्रण र रोकथाम सम्वन्धी जिल्ला राजश्व चुहावट नियन्त्रण समन्वय समितिको वैठकका ५ वटा निर्णय कार्यन्वयन सम्वन्धी पत्रको व्यहोरा/ जिल्ला प्रशासन कार्यालय तनहुँ को च.न. ३५७० मिति २०८२।१२।१५ को अनुगमन तथा कारवाही सम्वन्धी पत्रको व्यहोरा / प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको च.न. प्र/३११/४३४४ मिति ०८३।०१।२४ को नदीजन्य खानीजन्य पदार्थको सदुपयोग सम्वन्धमा स्थानीयतहलाई लेखेको पत्रको व्यहोरा/ जिल्ला प्रशासन कार्यालय तनहुँ को च.न. ४२४८ मिति २०८३।०१।२५ को नदीजन्य खानीजन्य पदार्थको सदुपयोग सम्वन्धमा तनहुँका सवै स्थानीयतहलाई लेखेको पत्र तथा व्यहोरा/ जिल्ला प्रशासन कार्यालय तनहुँ को च.न. ४२५१ मिति २०८३।०१।२८ को पत्र र उक्त पत्रअनुसार नदीजन्यपदार्थको अवैध उत्खनन् नियन्त्रण तथा राजश्व चुहावट नियन्त्रण सम्वन्धी २ वटा निर्णय कार्यन्वयन सम्वन्धी विषय समेत लाई मध्येनजर गरी म्याग्दे गाउँपालिका वाट म्याग्दे ४ मा रहेको सेतीदोभान व्लक एण्ड एग्रिगेट उद्योग सञ्चालन सम्वन्धमा गरिएको स्थलगत अनुगमन सगै तयार भएको प्राविधिक प्रतिवेदन , सो उद्योग सग सम्वधीत विषयमा राजश्व व्यवस्थापन उपशाखावाट पेशभएका फायल तथा कागजात प्रचलीत कानुन समेतको गहन अध्यन गर्दा हालसम्मको अवस्था तथा वस्तुस्थीती तपशिल वमोजिम रहेको पाईयो

तपशिल

Scanned with CamScanner

| सि. न. | विषय तथा विवरण | व्यहोरा /प्रकृर्या /अवस्था / |
|---|---|---|
| १ | विषयवस्तूको संक्षिप्त व्यहोरा सन्र्द्धभ १ | जिल्ला प्रशासन कार्यालय तनहुँ को च.न. ३५०८ मिति २०८२।१२।०९ को जिल्ला राजश्व चुहावट नियन्त्रण र रोकथाम सम्वन्धी जिल्ला राजश्व चुहावट नियन्त्रण समन्वय समितिको वैठकका ५ वटा निर्णय कार्यन्वयन सम्वन्धी पत्रको व्यहोरा जानकारी भयो । |
| २ | विषयवस्तूको संक्षिप्त व्यहोरा सन्र्द्धभ २ | जिल्ला प्रशासन कार्यालय तनहुँ को च.न. ३५७० मिति २०८२।१२।१५ को अनुगमन तथा कारवाही सम्वन्धी पत्रको व्यहोरा जानकारी भयो । |
| ३ | विषयवस्तूको संक्षिप्त व्यहोरा सन्र्द्धभ ३ | प्रधानमन्त्री तथा मन्त्रीपरिपदको कार्यालयको च.न. प्र/३११/४३४४ मिति ०८३।०१।२४ को नदीजन्य खानीजन्य पदार्थको सदुपयोग सम्वन्धमा स्थानीयतहलाई लेखेको पत्रको व्यहोराको जानकारी भयो । |
| ४ | विषयवस्तूको संक्षिप्त व्यहोरा सन्र्द्धभ ४ | जिल्ला प्रशासन कार्यालय तनहुँ को च.न. ४२४८ मिति २०८३।०१।२५ को नदीजन्य खानीजन्य पदार्थको सदुपयोग सम्वन्धमा तनहुँका सबै स्थानीयतहलाई लेखेको पत्र तथा व्यहोरा जानकारी भयो । |
| ५ | विषयवस्तूको संक्षिप्त व्यहोरा सन्र्द्धभ ५ | जिल्ला प्रशासन कार्यालय तनहुँ को च.न. ४२५१ मिति २०८३।०१।२८ को पत्र र उक्त पत्रअनुसार नदीजन्यपदार्थको अवैध उत्खनन् नियन्त्रण तथा राजश्व चुहावट नियन्त्रण सम्वन्धी २ वटा निर्णय कार्यन्वयन सम्वन्धी विषयको जानकारी भयो । |
| ६ | विषयवस्तूको संक्षिप्त व्यहोरा सन्र्द्धभ ६ | ढुङ्गा गिट्टी वालुवा विकी तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ ( पहिलो शंशोधन २०७९ समेत ) को दफा ११ को उपदफा ६ अनुसार प्रचलीत कानुन अनुसार स्थापना भई सञ्चालनमा रहेका खानी क्रसर तथा प्रशोधन उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधिनमा रही संकलन र उत्खनन् गर्ने कच्चा पदार्थको श्रोत सहितको विवरण खुलाई प्रत्येक वर्षको भाद्र महिना भित्र अनुगमन समिति र सम्वन्धीत गाउँपालिका वा नगरपालिका समक्ष पेश गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको तर म्यागदे ४ मा रहेको सेतीदोभान ब्लक एण्ड एग्रिगेट उद्योगले सो विवरण स्थापना देखी हालसम्म म्यागदे गा.पा. लाई पेश नगरेको व्यहोरा जानकारी भयो । |
| ७ | विषयवस्तूको संक्षिप्त व्यहोरा सन्र्द्धभ ७ | ढुङ्गा गिट्टी वालुवा विकी तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ ( पहिलो शंशोधन २०७९ समेत ) को दफा ११ को उपदफा ७ अनुसार यस मापदण्ड बमोजिम स्थापना तथा सञ्चालन हुने उद्योगले प्रत्येक आर्थिक वर्षको असार मसान्त भित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद विकीको परिमाण सार्वजनीक गरी सोको जानकारी सम्वन्धीत गाउँपालिका वा नगरपालिका र अनुगमन समिति लाई दिनुपर्ने व्यवस्था अनुसार सेतीदोभान ब्लक एण्ड एग्रिगेट उद्योग ले यस म्यागदे गा.पा लाई वार्षिक मौज्दात तथा खरिद विकीको परिमाणको विवरण कुनै पनी आर्थिक वर्षमा उपलब्ध नगरायको व्यहोरा जानकारी भयो । |
| ८ | विषयवस्तूको संक्षिप्त व्यहोरा सन्र्द्धभ ८ | ढुङ्गा गिट्टी वालुवा विकी तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७( पहिलो शंशोधन २०७९ समेत ) को दफा ११ को |

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | उपदफा ८ अनुसार उपदफा ६ र ७ बमोजिमको व्यवस्था पालना नगर्ने उद्योगलाई अनुगमन समितिको सिफारिसमा सम्बन्धीत गाउँपालिका तथा नगरपालिका ले बन्दगर्न सक्नेछ भन्ने प्रावधानको वारेमा जानकारी भयो । |
| ९ | विषयवस्तूको संक्षिप्त व्यहोरा सन्द्धभ ९ | ढुङ्गा गिट्टी वालुवा विकी तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ ( पहिलो शंशोधन २०७९ समेत ) को दफा ११ को उपदफा (५) अनुसार अनुगमन समिति ले अन्य विषयका अतिरिक्त उपदफा ( ४) बमोजिमका शर्तहरुको पालना भए नभएको नियमित अनुगमन गर्ने र शर्त पालना नगर्ने उद्योगहरुलाई समितिको निर्णय बमोजिम शर्तपुरा नभए सम्म उद्योग सञ्चालनमा रोक लगाउन सक्नेछ भन्ने व्यवस्थाको वारेमा जानकारी भयो । |
| १० | विषयवस्तूको संक्षिप्त व्यहोरा सन्द्धभ १० | ढुङ्गा गिट्टी वालुवा विकी तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७( पहिलो शंशोधन २०७९ समेत ) को दफा ११ को उपदफा १२ अनुसार उपदफा ( ६) बमोजिम कसर उद्योगका लागी आवश्यक पर्ने कच्चा पदार्थको आपुर्ति गर्दा लाग्ने विकी वा शुल्क गाउँपालिका वा नगरपालिका लाई वुभाए पछी मात्र त्यस्तो कच्चा पदार्थ आपुर्ति गर्न पाईनेछ भन्ने व्यवस्था रहेको तर सेतीदोभान व्लक एण्ड एग्रिगेट उद्योग ले स्थापना देखी हालसम्म कुनै पनी विकी वा शुल्क गाउँपालिका लाई नवुभाएको कुनै अनुमती नलीएको ब्यहोरा जानकारी भयो । |
| ११ | विषयवस्तूको संक्षिप्त व्यहोरा सन्द्धभ ११ | ढुङ्गा गिट्टी वालुवा विकी तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७( पहिलो शंशोधन २०७९ समेत ) को दफा ११ को उपदफा १३ अनुसार कसर उद्योगलाई गाउँपालिका वा नगरपालिका ले सभाद्धारा निर्धारित दरमा उत्पादित परिमाणको आधारमा व्यवसायकर लगाउन सक्नेछ भन्ने व्यवस्था रहेको तर सेतीदोभान व्लक एण्ड एग्रिगेट उद्योग ले स्थापना देखी हालसम्म कुनै पनी विकी वा शुल्क तथा व्यवसायकर गाउँपालिका लाई नवुभाएको ब्यहोरा जानकारी भयो । |
| १२ | विषयवस्तूको संक्षिप्त व्यहोरा सन्द्धभ १२ | म्याग्दे गाउँपालिका कार्यालयवाट सेतीदोभान व्लक एण्ड एग्रिगेट उद्योग लाई मिति २०८३।०१।२१ को च.न. १५५८ को पत्र मार्फत उद्योग दर्ताको कागजात माग गरिएको व्यहोरा पत्र जानकारी भयो । |
| १३ | विषयवस्तूको संक्षिप्त व्यहोरा सन्द्धभ १३ | म्याग्दे गाउँपालिका कार्यालयवाट सेतीदोभान व्लक एण्ड एग्रिगेट उद्योग सञ्चालन भएको स्थान म्याग्दे ४ चोकेटार स्थीत रहेको स्थानमा स्टक रहेको मालसामान को परिमाण को फिल्ड नापजाच गरि प्रर्तिवेदन पेश गर्नको लागी च.न. १५७० मिति २०८३।०१।२१ को पत्र मार्फत प्राविधिक कर्मचारी, वडा न. ४ र थर्पुप्रहरी समेत लाई निर्देशन गरिएको ब्यहोरा र सोही अनुसार फिल्ड नापजाच भएको ब्यहोरा समेत जानकारी भयो । |
| १<br>४ | विषयवस्तूको संक्षिप्त व्यहोरा सन्द्धभ १४ | म्याग्दे गाउँपालिका का प्राविधिक कर्मचारी वाट म्याग्दे ४ मा रहेको सेतीदोभान व्लक एण्ड एग्रिगेट उद्योग सञ्चालन भएको स्थान म्याग्दे ४ चोकेटार स्थीत रहेको स्थानमा स्टक रहेको मालसामान को परिमाण सहितको फिल्ड नापजाचको प्रर्तिवेदन मिति २०८३।०१।२३ मा प्राप्त भई दर्ता न. ११६९ मा दर्ता भएको र सो को समग्र प्रर्तिवेदन उपर जानकारी भयो । |

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | अनुसार स्थापना भई सञ्चालनमा रहेका खानी कसर तथा प्रशोधन उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधिनमा रही संकलन र उत्खनन् गर्ने कच्चा पदार्थको श्रोत सहितको विवरण खुलाई प्रत्येक वर्षको भाद्र महिना भित्र अनुगमन समिति र सम्वन्धीत गाउँपालिका वा नगरपालिका समक्ष पेश गर्नुपर्नेछ भन्ने व्यवस्था बमोजिम नगरेको विषय समेत जानकारी भयो । |
| २६ | विषयवस्तूको संक्षिप्त व्यहोरा सर्न्दभ २६ | म्याग्दे गाउँपालिका वडा न. ४ मा सञ्चालीत सेतीदोभान व्लक एण्ड एग्रिगेट उद्योग ले मालसामान राखेको जग्गाको भोगाधिकार तथा स्वामित्व कस्को रहेको भनी मिति २०८३।०२।०७ को पत्र मार्फत तनहुँ हाईड्रोपावर लिमिटेड दमौली लाई पत्राचार भएको विषय समेत जानकारी भयो । |

**निर्णय तथा निश्कर्ष :-** माथी उल्लेखति २६ वटा विषयकेन्दीत प्रकृया कानुन मापदण्ड लगाएतका सवै विषयको जानकारी पश्चात ढुङ्गा गिट्टी वालुवा विकी तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७( पहिलो शंशोधन २०७९ समेत ) को दफा ११ को उपदफा ६ अनुसार प्रचलीत कानुन अनुसार स्थापना भई सञ्चालनमा रहेका खानी, कसर तथा प्रशोधन उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधिनमा रही संकलन र उत्खनन् गर्ने कच्चा पदार्थको श्रोत सहितको विवरण खुलाई प्रत्येक वर्षको भाद्र महिना भित्र अनुगमन समिति र सम्वन्धीत गाउँपालिका वा नगरपालिका समक्ष पेश गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको तर म्यागदे ४ मा रहेको सेतीदोभान व्लक एण्ड एग्रिगेट उद्योगले सो विवरण ०७३।०७४ देखी हालसम्म म्याग्दे गा.पा. लाई पेश नगरेको अवस्था / ढुङ्गा गिट्टी वालुवा विकी तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ ( पहिलो शंशोधन २०७९ समेत ) को दफा ११ को उपदफा ७ अनुसार यस मापदण्ड बमोजिम स्थापना तथा सञ्चालन हुने उद्योगले प्रत्येक आर्थिक वर्षको असार मसान्त भित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद विकीको परिमाण सार्वजनीक गरी सोको जानकारी सम्वन्धीत गाउँपालिका वा नगरपालिका लाई दिनुपर्ने व्यवस्था अनुसार सेतीदोभान व्लक एण्ड एग्रिगेट उद्योग ले यस म्याग्दे गा.पा. लाई वार्षिक मौज्दात तथा खरिद विकीको परिमाणको विवरण ०७३।०७४ देखी हालसम्म गा.पा. लाई उपलब्ध नगरायको अवस्था /सोही मापदण्ड २०७७ ( पहिलो शंशोधन २०७९ समेत ) को दफा ११ को उपदफा १२ अनुसार उपदफा ( ६) बमोजिम कसर उद्योगका लागी आवश्यक पर्ने कच्चा पदार्थको आपुर्ति गर्दा लाग्ने विकी वा शुल्क गाउँपालिका वा नगरपालिका लाई वुझाए पछी मात्र त्यस्तो कच्चा पदार्थ आपुर्ति गर्न पाईनेछ भन्ने व्यवस्था रहेको तर सेतीदोभान व्लक एण्ड एग्रिगेट उद्योग ले ०७३।०७४ देखी हालसम्म कुनै पनी विकी वा शुल्क गाउँपालिका लाई नवुझाएको अवस्था / म्याग्दे गाउँपालिका कार्यालयवाट सेतीदोभान व्लक एण्ड एग्रिगेट उद्योग लाई मिति २०८३।०१।२१ को च.न. १५५८ को पत्र मार्फत उद्योग दर्ताको कागजात माग गरिएको मा उक्त उद्योगको मिति २०८३।०१।२२ को च.न. ६/०८२, र ०९/०८२ को पत्र मार्फत प्राप्त भएको कागजात अध्यन गर्दा उक्त उद्योग २०६७।०८।०९ मा घरेलु तथा साना उद्योग कार्यालय

कार्यविधि तथा वितिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ९६ सगै अन्य नियमहरु तथा सरकारी सम्पती तथा जिन्सी मालसामान लिलाम विकी सम्वन्धी कार्यविधि २०७९ को दफा ४ र ७ सगै अन्य दफाहरु मा भएको व्यवस्था आर्कषित भएको हुदा यस विषयमा निर्णय लिन थप स्पष्टताको लागी ढुङ्गा गिटी वालुवा उत्खनन् बिकी तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ ( पहिलो शंशोधन २०७९ समेत ) को दफा ९ को उपदफा ३ को (ख),(ग) र (छ) र दफा ११ को उपदफा ५,६, र ७ मा भएको व्यवस्था र दफा ७ को उपदफा ५ मा उल्लेखीत प्रावधान तथा व्याख्याको मर्म र भावना, अनुसार नदीजन्य पदार्थहरु जफत सगै सम्पती कायम र लिलाम विकी तथा अन्य आवश्यक कारवाही सम्वन्धमा जिल्ला अनुगमन समिति ( जि.स.स. तनहुँ ) सग राय परामर्श मागको लागी तत्कालै पत्राचार गर्ने /मुल्य कायम प्रयोजनार्थ को.ले.नि.का. तनहुँ लाई प्रर्तिनिधि खटाईदिनुहुनको लागी पत्राचार गर्ने /राजश्व परामर्श समिति को वैठकको निर्णय अनुसार थप अध्यनको लागी गाउँपालिका स्तरीय कार्यदल गठन गर्ने /सार्वजनिक सम्पती व्यवस्थापन उपशाखा लाई सम्पती कायम तथा जिन्सी दाखीला गर्न र राजश्व व्यवस्थापन उपशाखा, शहरी तथा पुर्वाधार, वातावरण, नगरप्रहरी , वडाप्राविधिक लगाएत सरोकार शाखा उपशाखा प्रमुख लाई अवैध स्टक रहेका मालसामान अनुगमन, नियमन सुरक्षा संरक्षण गर्नको लागी सामुहीक जिम्मेवारी प्रदान गर्ने , साथै प्राविधिक प्रर्तिवेदन अनुसार उल्लेखीत अवैध उत्खनन् अर्न्तगत जफत हुने नदी जन्य सामाग्री लिलाम विकी को निर्णय तथा सुचना प्रकाशन भई ठेक्का सकार नभएसम्म तथा अर्को निर्णय नभए सम्म पुर्णरुपमा सुरक्षा र संरक्षण गर्न प्रत्यक्ष रुपमा नगरप्रहरी र थर्पुप्रहरी लाई जिम्मा दिने / यी सवै कामकारवाहीको जानकारी तथा सहयोगको लागी जिल्ला समन्वय समिति तनहुँ जिल्ला प्रशासन कार्यालय तनहुँ र , जिल्ला प्रहरी कार्यालय तनहुँ लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न. १८८/२०८२।०८३– १२**

गण्डकी प्रदेश मुख्यमन्त्री कार्यालय सग भएको सम्झौता अनुसार पसले आधारभुत विद्यालयको वाकी रहेको नवप्रर्वतन सम्वन्धी कार्य तपशिल बमोजिम कार्यन्वयन गर्ने निर्णय गरियो ।

**तपशिल**

१, ठेक्का लगाउने कार्य यथाशिघ्र सम्पन्न गर्ने ।

२, परामर्श सेवा आर्थिक प्रस्ताव मागगरी गर्ने

**निर्णय न.१८८/२०८२।०८३– १३,**

हालै नेपालसरकार वाट जारीभएको परिपत्र तथा निर्देशन बमोजिम नक्शापास तथा घरकायम सम्वन्धमा सोही बमोजिम नै कार्य सम्पादन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय न. १८८/२०८२।०८३– १४,**

आर्थिक वर्ष ०८२।०८३ को तेश्रो चौमासीक सार्वजनीक सुनुवाई तेश्रो पक्षको सहभागीतामा यही मिति २०८३।०३।२० गते शुकवार ११.०० वजे गा.पा. को प्राङ्गणमा गर्ने निर्णय गरियो ।

**निर्णय न.१८८/२०८२।०८३– १५**

मिति २०८३।०२।२१ गते जातिय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवशको अवसरमा म्याग्दे गाउँपालिका भित्र स्थानीय विदा दिने निर्णय गरियो ।

**निर्णय न. १८८/२०८२।०८३– १६,**

गाउँसभाको २० औ अधिवेशन तथा गाउँसभा वैठकमा पेशगर्ने गरी तपशिल बमोजिमका विद्येयक लाई शैद्धान्तीक सहमती प्रदान गर्ने निर्णय गरियो ।

१, आर्थिक विद्येयक २०८३

२, विनियोजन विद्येयक २०८३

**निर्णय न. १८८/०८२।०८३–, १७**

स्थानीय तहमा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वंय सेविका समिति निर्देशिका २०६७ पहिलो संशोधन २०७६ ले तोकेबमोजिम तमशिल बमोजिम स्थानीय तहमा महिला स्वास्थ्य सामुदायिक स्वास्थ्य स्वयंसेविका समिति संरचना गठन गर्ने निर्णय गरियो ।

**तपशिल:**

| क्र.स | नाम तथा संस्था | पद |
|---|---|---|
| १ | श्री बालकृष्ण घिमिरे म्याग्दे गा.पा उपाध्यक्ष | अध्यक्ष |
| २ | श्री टुकराज अधिकारी | सदस्य |
| ३ | श्री श्रीराम खनाल | सदस्य |
| ४ | श्री अध्यक्ष बाट मनोनित २ जना सदस्य | सदस्य |
| ५ | श्री धनमाया थापा | सदस्य |
| ६ | श्री तिलक राज घिमिरे | सदस्य सचिव |

Scanned with CamScanner

**निर्णय न. १८८/०८२।०८३–, १८**

गत आर्थिक वर्ष ०८१।०८२ को सामाजिक परिक्षण प्रर्तिवेदन परामर्शदाता वाट प्रस्तुत सगै उक्त प्रर्तिवेदन स्वीकृत गर्ने निर्णय गरियो

**निर्णय न. १८८/०८२।०८३–१९**

म्याग्दे गा.पा. भित्रका नदीजन्य घाटहरु , अनुमती दिईएको खानी तथा निजी जग्गा उत्खनन् अर्न्तगत उत्खनन् परिमाण र कसर लगाएत अन्य निकायवाट जफत भएका सामाग्री को सम्वन्धमा विगतमा दिईएको जिम्मेवारी र शाखागत कार्यसूची अनुसार नै तपशिल बमोजिमका कर्मचारीलाई खटाईएको र सोही प्रयोजनार्थ निजहरुलाई मासिक फिल्डभत्ता र अनुगमन भत्ता समेत भुक्तानी दिइएको हुदा जिम्मेवारी बमोजिम नै यथाशिघ्र फिल्ड अनुगमन प्रर्तिवेदन राजश्व परामर्श समिति र कार्यपालिकामा पेशगर्न लगाउने निर्णय गरियो ।

**तपशिल**

१, शहरी तथा पुर्वाधार शाखा प्रमुख श्री शिव ज्ञवाली

२, वातावरण शाखा प्रमुख श्री रोमन पण्डीत

३, राजश्व व्यवस्थापन उपशाखा प्रमुख श्री शम्भु पौड्ेल

४, नगरप्रहरी प्रमुख चन्द्रकुमार श्रेष्ठ

५, अमिन श्री शेषराज पण्डीत

६, सम्वन्धीत वडाको वडाप्राविधिक

**निर्णय न. १८८/०८२।०८३–२०**

विषयगत शाखा वाट पेश भएका तपशिल बमोजिमका विषयमा तपशिल बमोजिम गर्ने निर्णय गरियो

**तपशिल**

१, महिला तथा वालवालिका उपशाखावाट पेशभए अनुसार वालमैत्री वडा घोषणा २०८३।०३।३२ मा गर्ने

Scanned with CamScanner

२, स्वास्थ्य शाखा वाट पेश भए अनुसार थर्पु अस्पताल जनशक्ती करार र हालको स्वीकृत वजेट खर्च सम्वन्धमा अस्पताल सञ्चालन समितिको सिफारिस अनुसार गर्ने ।

**निर्णय न. १८८/०८२।०८३–२१**

म्याग्दे गाउँपालिकावाट स्वीकृत वेल्टार चारधाम तथा नवग्रह धार्मिक क्षेत्र सञ्चालन समिति व्यवस्थापन कार्यविधि २०८२ को दफा ५ सञ्चालक समिति गठन सम्वन्धमा भएको व्यवस्था बमोजिम मिति २०८२।०९।१३ को आमभेलाको निर्णय , मिति २०८३।०१।१४ को आमभेलाको निर्णय, तथा वडा न. ३ को मिति २०८२।१०।२६ को च.न.६२७ को पत्र , मिति २०८३।०१।२३ को च.न. १०२४ को पत्र / वडा न. ४ को मिति २०८२।१०।२५ को च.न. ७८४ र मिति २०८३।२।१२ को च.न. १२८८ को पत्र / वडा न. ७ को मिति २०८२।१०।२५ को च.न. ६७९ र मिति २०८३ ।०२।०५ को च.न. १०९१ को पत्र प्राप्त भई ब्यहोरा अवगत भयो । उक्त पत्र अनुसार वेल्टार चारधाम तथा नवग्रह धार्मिक क्षेत्र सञ्चालन समिति व्यवस्थापन कार्यविधि २०८२ को दफा ५ बमोजिम गठन भएको तपशिल बमोजिमको सञ्चालक समिति अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

१, अध्यक्ष श्री पुर्णचन्द्र घिमिरे

२, उपाध्यक्ष श्री नरसिंह राना

३, सचिव श्री नुक्त भुजेल

४, कोषाध्यक्ष श्री सरस्वती घिमिरे

५, सदस्य श्री रामनाथ अधिकारी

६, सदस्य श्री गिता भट्टराई

७, सदस्य श्री देवी वहादुर थापा

८, सदस्य श्री मिना कुमारी श्रेष्ठ

Scanned with CamScanner

९, सदस्य श्री सन्तमान श्रेष्ठ

१०, सदस्य श्री चित्र वहादुर शाही

११, सदस्य श्री टोलराज वाग्ले

**निर्णय न. १८८/०८२।०८३-२२**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ९६ को उपनियम ५ मा भएको व्यवस्था ( सम्वन्धीत कार्यालय प्रमुख, सम्वन्धीत जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि र कार्यालय प्रमुख ले तोकेको प्राविधिक कर्मचारी समेत रहेको समिति गठन गरी ) बमोजिम सो समिति ले निर्धारण गरेको मुल्यलाई नै त्यस्तो सम्पती वा जिन्सीको मुल्य मानिनेछ भन्ने व्यवस्था /सगै नियम १०७ को उपनियम १ को (ख) तथा नियम १०९ मा जफत भएको मालसामानको मुल्याङ्कन सम्वन्धी व्यवस्था बमोजिम म्याग्दे ४ चोकेटार मा रहेका सेतीदोभान व्लक एण्ड एग्रिगेट उद्योगको स्रोत पुष्टि हुन नसकेका अवैध उत्खनन् भएका १५ वटा थुप्राहरुको प्राविधिक प्रतिवेदन र प्रचलीत कानुन अध्ययनगरी मुल्याङ्कन गर्नेगरी तपशिल बमोजिम रहनेगरी मुल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो ।

निम्न

१. संयोजक :- प्रमुख प्रशासकिय अधिकृत श्री नारायण प्रसाद अधिकारी

२. सदस्य :- इ. श्री प्रशिस नारायण सापकोटा ( जि.स.स. तनहुँ )

३. सदस्य :- को.ले.नि.का. तनहुँ

४, सदस्य :-अधिकृत सातौ इ. श्री शिव ज्ञवाली ( शहरी पुर्वाधार शाखा)

५, सदस्य :-अधिकृत सातौ श्री प्रदिप न्यौपाने ( जिन्सी शाखा)

६, सदस्य :-अधिकृत सातौ इ श्री रोमन पण्डीत ( वातावरण शाखा)

७, सदस्य :- अमिन श्री शेषराज पण्डीत ( नापी सर्भे उपशाखा )

८, सदस्य :- सव इ. श्री शंकर गैह्रे ( वडा प्राविधिक वडा न. ४ )

९, सदस्य :- श्री चन्द्र कुमार श्रेष्ठ ( नगरप्रहरी प्रमुख )

१०, सदस्य सचिव :- सव. इ. श्री शम्भु पौडेल ( रा.व्य. उप शाखा)

Scanned with CamScanner

**निर्णय न. १८८/०८२।०८३–२३**

बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन सम्बन्धमा नेपाल सरकार भुमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिँहदरबार काठमाण्डौको मिति २०८३।०२।२० च.नं ४७० को पत्र अनुसार बहुक्षेत्री पोषण कार्यक्रमको बजेट खर्च निकासा भै सकेको सम्वन्धी परिपत्र बमोजिम स्विकृत कार्यक्रम सञ्चालन गर्नु गराउनुहुन भनि लेखी आएकोले स्वास्थ्य तर्फ चौमासिक वजेट बाँडफाड अनुसार स्विकृत भएका तपसिल वमोजिमका कार्यक्रमहरु समुदाय/विद्यालय स्तरमा सञ्चालन गर्ने निर्णय गरियो ।

**तपसिल**

१) कृषकहरुलाई खाद्य सुरक्षा र मानव स्वास्थ्यमा पोषणको महत्व बारे अभिमुखिकरण गर्ने ।

२) सुनौलो हजार दिनका आमा तथा शिशु स्याहारकर्तालाई वालनगद अनुदानको प्रभावकारीता सम्वन्धी अभिमुखिकरण गर्ने ।

३) किशोर किशोरीका लागि पोषणको महत्व र यसको प्रभाव बारे विद्यालय स्तरमा अभिमुखिकरण गर्ने ।

**निर्णय न. १८८/०८२।०८३–२४**

उत्पादनमूलक/रोजगारमूलक लागत साझेदारी कार्यक्रम अन्तर्गत २०८२/१०/२६ गते प्रथम पटक सुचना प्रकाशन गरिएकोमा थोरै आवेदन परेकोमा साझेदारीमा उत्पादनमूलक कार्यक्रम कार्यान्वियन कार्यविधि २०८२ को दफा ११ को **वाधा अड्काउ फुकाउने** दफाको अधीनमा रहि निम्नलिखितका निर्णय गरि दोस्रो पटक सुचना खुलाउने निर्णय गरियो।

१. अनुदानग्राही कुनै पनि सरकारी निकायवाट दुई बर्ष सम्म अनुदान नलिएको हुनु पर्नेछ।
२. समूह-घ स्वरोजगारतर्फ कृषकले व्याक्तिगत रुपमा पनि निवेदन दिन सक्नेछन्।
३. अनुदानग्राहीले लागत साझेदारीको सम्पुर्ण रकम निजको वैङ्क खाता खोली जम्मा गर्नुपर्नेछ र सम्झौता गर्न आउदा वैङ्क स्टेटमेन्ट लिएर आउनु पर्नेछ।

**निर्णय न. १८८/०८२।०८३–२५**

तपशिल बमोजिमका कार्यविधि तथा मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल**

१, म्याग्दे गाउँपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि २०८३

Scanned with CamScanner

२, म्याग्दे गाउँपालिकाको सार्वजनीक सेवाप्रवाहा मापदण्ड २०८३

**निर्णय न. १८८/०८२।०८३–२६**

गाउँसभा र गाउँकार्यपालिकाको निर्णय अनुसार चालु आर्थिक वर्ष २०८२।०८३ अन्तर्गत हालसम्म गाउँपालिका अध्यक्ष, र प्रमुख प्रशासकिय अधिकृत बाट कमश भएका तोकआदेश, टिप्पणी स्वीकृत तथा कार्यदेश र टिप्पणी स्वीकृत भई सम्पादन गरिएका सबै खर्चहरुको विवरण पेशभएको हुदा नियम सम्मत नै भएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय न. १८८/२०८२।०८३–२७**

प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन सहित योजना अनुगमन समितिको सिफारिस समेतको आधारमा अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतको तोक आदेश सहित गाउँपालिकाले सम्झौता गरी मिति २०८३ वैशाख २४ गते देखी २०८३ जेष्ठ १० सम्म सम्पन्न गरेका सबै (गाउँपालिका स्तरीय वडास्तरीय, र विषयगत शाखा स्तरीय ) योजना तथा कार्यकम निर्धारित गुणस्तरमा सम्पन्न भएको हुदा फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय न.१८८/२०८२।०८३–२८**

मिति२०८३।०१।२४को कार्यपालिका वैठकको निर्णय कार्यान्वियन सम्बन्धमा प्रमुख प्रशासकिय अधिकृत वाट पेशभएको प्रगती विवरण जानकारी भई अझै कार्यन्वयनमा तिव्रता दिने निर्णय गरियो ।

**निर्णय न. १८८/२०८२।०८३–२९**

आजको वैठकमा २९ वटा प्रस्ताव पेशभई कुनैपनि विवाद नभई २९ वटै प्रस्तावमा निर्णयहरु सर्वसम्मत रुपमा सम्पन्न भयो ।

Scanned with CamScanner